अनलाईन आवेदन दिने तरिका

- **रजिष्टर गर्नुहोस** बटनमा Click गर्नुहोस

- त्यसपछि खुल्ने रजिस्ट्रेशन फारममा माग गरे बमोजिमको विवरण भर्ने
- विवरण भरिसकेपछी **रजिष्टर गर्नुहोस** बटनमा Click गर्ने

➢ त्यसपछि रातो रंगमा आउने अक्षर तथा अंकहरुलाई निलो रंगको घेरा भएको कोठाभित्र टाइप गर्ने र Verify बटनमा Click गर्ने

➢ Verify बटनमा Click गरिसकेपछि तल देखाए जस्तै सन्देश आउँछ



➢ यति भएपछि तपाईको प्रोफाइल रजिष्टर भैसकेको हुनेछ |

➢ लगइन गर्नको लागि **लगइन गर्नुहोस** बटनमा Click गर्ने अथवा Goto Login Page मा Click गर्ने



➢ लगइन आइडी वा इमेलमा तपाईले रजिष्टर गर्दा राखेको इमेल ठेगाना र आफ्नो पासवर्ड राखेर **साइन इन** बटनमा Click गर्ने।



➢ साइन इन भएपश्चात नेपाल राष्ट्र बैंकबाट खुला तथा समावेशी पदका लागि आह्वान गरिएको विभिन्न पदहरुको सूची देखिनेछ ।



विज्ञापन नम्बर	पद	प्रकाशित मिति	अन्तिम मिति	दोब्बर दस्तुर लाग्ने मिति	श्रेणी	सेवा	समूह	किसिम	खुला / समावेसी	पद संख्या	कार्य
०१/२०७९	उप-निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	2079/06/01 (17/09/2022)	अधिकृत द्वितीय	प्रशासन	प्रशासन	खुला प्रतियोगिता	महिला , दलित , मधेशी , आ.ज., आन्तरिक प्रतियोगिता	14	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०२/२०७९	सहायक निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत तृतीय	प्रशासन	प्रशासन	कार्यक्षमता मुल्यांकन		6	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०३/२०७९	प्रधान सहायक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	सहायक प्रथम	प्रशासन	प्रशासन	कार्यक्षमता मुल्यांकन		14	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०४/२०७९	निर्देशक (सूचना प्रविधि)	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत प्रथम	प्राविधिक	प्राविधिक	कार्यक्षमता मुल्यांकन		2	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०५/२०७९	उप-निर्देशक (सूचना प्रविधि)	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत द्वितीय	प्राविधिक	प्राविधिक	कार्यक्षमता मुल्यांकन		1	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०६/२०७९	निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत प्रथम	प्रशासन	प्रशासन	आन्तरिक प्रतियोगिता		1	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०७/२०७९	उप-निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत द्वितीय	प्रशासन	प्रशासन	आन्तरिक प्रतियोगिता		6	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस

➢ आफूले आवेदन दिनुपर्ने पद छनौट गरी आवेदन दिनुहोस मा Click गर्ने । जस्तै उप-निर्देशकको खुला तर्फ अनलाइन आवेदन फारम भर्नको लागि

विज्ञापन नम्बर	पद	प्रकाशित मिति	अन्तिम मिति	दोब्बर दस्तुर लाग्ने मिति	श्रेणी	सेवा	समूह	किसिम	खुला / समावेसी	पद संख्या	कार्य
०१/२०७९	उप-निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	2079/06/01 (17/09/2022)	अधिकृत द्वितीय	प्रशासन	प्रशासन	खुला प्रतियोगिता	महिला , दलित , मधेशी , आ.ज., आन्तरिक प्रतियोगिता	14	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस
०२/२०७९	सहायक निर्देशक	2079-05-13 (29/08/2022)	2079-06-02 (18/09/2022)	-	अधिकृत तृतीय	प्रशासन	प्रशासन	कार्यक्षमता मुल्यांकन		6	आवेदन दिनुहोस् विवरणहरू हेर्नुहोस

➢ उप-निर्देशक पदको दायाँतिरको छेउमा रहेको आवेदन दिनुहोस् बटनमा Click गर्ने

➢ त्यसपछि व्यक्तिगत विवरण भर्नुहोस



➢ अगाडी बढ्नुहोस बटनमा Click गर्ने

➢ माग बमोजिमको थप विवरण भरी अगाडी बढ्नुहोस मा Click गर्ने

➢ माग बमोजिमको सम्पर्क विवरण भरी अगाडी बढ्नुहोस मा Click गर्ने



➢ शैक्षिक योग्यताको विवरण मा Click गर्ने



➢ शैक्षिक योग्यताको विवरण भरी शैक्षिक प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र राख्नको लागि Choose File मा Click गर्ने र आफ्ना प्रमाणपत्रहरु अपलोड गरेर राख्नुहोस बटनमा Click गर्ने

➢ अगाडी बढ्नुहोस मा Click गर्ने

- अनुभव विवरण थप्नुहोसमा Click गर्ने (अनुभव माग गरेको पदको लागि मात्र विवरण राख्न पर्ने)
- अनुभव सम्बन्धी विवरण भर्ने र प्रमाणपत्र राख्नको लागि Choose File मा Click गर्ने र प्रमाणपत्रहरु अपलोड गरेर राख्नुहोस बटनमा Click गर्ने

- अगाडी बढ्नुहोस मा Click गर्ने
- तालिमको विवरण थप्नुहोसमा Click गर्ने (तालिम आवश्यक पर्ने पदको लागि मात्र विवरण राख्न पर्ने)



- तालिम सम्बन्धी विवरण भर्ने र प्रमाणपत्र राख्नको लागि Choose File मा Click गर्ने र प्रमाणपत्रहरु अपलोड गरेर राख्नुहोस बटनमा Click गर्ने
- अगाडी बढ्नुहोस मा Click गर्ने

संलग्न गर्नुपर्ने कागजातहरू

आवेदन साथ पेस गर्नु पर्ने प्रमाण कागजातहरु

- संलग्न गर्नुपर्ने कागजातहरु अपलोड गर्नुपर्ने
- संलग्न गर्नुपर्ने कागजातहरुमा फोटो अपलोड गर्नुपर्ने
- फोटो Image Format (Jpeg, Jpg, Png) मा हुनुपर्ने
- फोटो अपलोड गर्नको लागि Choose File मा Click गर्ने र आफ्नो फोटो छनौट गरेर अपलोड गर्ने
- त्यसैगरी नै आफ्नो हस्ताक्षर, नागरिकताको प्रमाणपत्र पनि अपलोड गर्ने र समावेशी कागजात चाहिने जतिले समावेशी कागजात अपलोड गर्ने
- अगाडी बढ्नुहोस मा Click गर्ने

- तपाई आफ्नो विवरण रुजु गर्ने खण्डमा पुग्नुहुन्छ
- आफूले भरेका सबै विवरण रुजु गर्नु होला
- विवरणमा त्रुटी देखिएमा तलका मध्ये कुन चाँही खण्डमा त्रुटी भएको त्यो खण्डमा Click गर्ने र विवरण सच्याएर अगाडी बढ्नुहोस मा Click गर्दै रुजु खण्डमा पुग्ने

- सबै विवरण ठिक भएको निश्चित गरी अगाडी बढ्नुहोस मा Click गर्ने
- तपाई आफ्नो अनलाइन आवेदन पेश गर्ने खण्डमा पुग्नुहुन्छ

➢ खुल्ला तथा समावेशी समूह छनौट गर्नुहोस्



➢ अगाडी बढ्नुहोस मा Click गर्ने

➢ यति गरेपछि तपाईले भरेका विवरणहरु सुरक्षित हुनेछन्

➢ त्यसपछि परिक्षा दस्तुर दाखिला गर्नुहोस मा Click गर्ने

- परिक्षा दस्तुर भुक्तानीको लागि (Connect IPS, Khalti वा Esewa) मध्ये एउटा छनौट गर्नुहोस्

- Khalti हो भने Khalti मा Click गर्ने, Connect IPS हो भने Connect IPS मा Click गर्ने र भुक्तानी टिप्पणी (कैफियत केही भए लेख्ने) लेख्ने र भुक्तानी गर्नुहोस् बटनमा Click गर्ने

- त्यसपछि भुक्तानीको माध्यम जुन मा Click गर्नु हुन्छ त्यसैको लग इन पेज खुल्छ अनि त्यहाँ बाट भुक्तानी गर्ने

➢ परिक्षा दस्तुर भुक्तानी गरिसकेपछि तपाई तल देखिए जस्तै पेजमा पुग्नुहुन्छ



➢ विवरण सच्याउनुपर्ने भए आवेदन परिमार्जन गर्नुहोस् बटनमा Click गर्नुहोस् सबै विवरण ठिक भएमा आवेदन पेश गर्नुहोस् बटनमा Click गर्नुहोस्



➢ आवेदन पेश गर्नुहोस बटनमा Click गरिसकेपछि माथि देखाए जस्तो पप-अप देखा पर्छ, त्यसपछि पुष्टि गर्नुहोस र पेश गर्नुहोस बटनमा Click गर्नुहोस्

➢ यति गरिसकेपछि तपाईको आवेदन भर्ने प्रकिया पुरा भयो

आवेदन गर्नुभएकोमा धन्यबाद !

नेपाल राष्ट्र बैंक